मध्यविन्दु नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ६ संख्याः १४ मितिः २०७९/१०/२४

**भाग-१**

**मध्यविन्दु नगरपालिका**

# फोहोरमैला व्यवस्थापन ऐन २०७९

नगरसभाबाट स्वीकृत मितिः २०७९/१०/२२
नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०७९/१०/२२
राजपत्रमा प्रकाशित मितिः २०७९/१०/२४
**प्रथम संसोधनः २०८१/३/९*

**प्रस्तावनाः** मध्यविन्दु नगरपालिका भित्र उत्सर्जन र उत्पादन हुने फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रसोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्ने तथा फोहोरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहोरमैला व्यवस्थापन जस्तो अत्यन्त जरुरी सेवा सम्बन्धी कानून निर्माण गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) र मध्यविन्दु नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ (१) को अधिकार प्रयोग गरी मध्यविन्दु नगरपालिकाको बाह्रौं नगरसभाले फोहोरमैला व्यवस्थापन ऐन, २०७९ बनाएको छ।

मध्यविन्दु नगरपालिका

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम "फोहोरमैला व्यवस्थापन ऐन, २०७९" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क) "औद्योगिक फोहरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदुषणयुक्त फोहरमैला सम्झनु पर्छ ।

ख) "औद्योगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनु पर्छ ।

ग) "कण्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस, बाल्टीन, बोरा वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ ।

घ) "ढुवानी" भन्नाले सङ्कलित फोहरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा स्थानीय तहले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ ।

ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

च) "न्यूनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

छ) "निष्काशन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

मध्यबिन्दु नगरपालिका

ज) "प्रदूषण" भन्नाले फोहोरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पु¥याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पु¥याउने क्रियाकलाप सम्झनु पर्छ ।

झ) "प्रभावित क्षेत्र" भन्नाले फोहोरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित क्षेत्रलाई सम्झनु पर्छ ।

ञ) "प्रशोधन" भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

ट) "प्रशोधन स्थल" भन्नाले फोहोरमैलालाई प्रशोधन गरी मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ ।

ठ) "पुनः चक्रीय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहोरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ।

ड) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुँवा, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ।

ढ) "फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट)" भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नको लागि नगरपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

ण) "फोहोरमैला संकलन" भन्नाले फोहोरमैला उत्पादन स्थलबाट उठाउने, घर—घरबाट संकलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहोरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उप्काई सङ्कलन गर्ने कार्य सम्झनु पर्छ।

त) “फोहोरमैला संकलन तथा ढुवानी साधन” भन्नाले फोहोरमैला संकलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ ।

थ) “बन्द पश्चात् व्यवस्थापन (पोस्ट क्लोजर म्यानेजमेण्ट)” भन्नाले फोहोरमैला व्यवस्थापन स्थलमा फोहोरमैला विसर्जन गर्न बन्द गरे पश्चात् सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्छ ।

द) “रासायनिक फोहोरमैला” भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहोरमैला भनी तोकेका ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

ध) “विसर्जन” भन्नाले फोहोरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

न) “संकलन केन्द्र” भन्नाले घर घरबाट निस्कने फोहोरमैला संकलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न नगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ र सो शब्दले घरघरमा फोहोरमैला संकलन गर्न आउने नगरपालिकाले तोकेको फोहोरमैला सङ्कलक वा फोहोरमैला संकलन गर्ने साधन समेतलाई जनाउनेछ ।

प) “समिति” भन्नाले सरसफाइ प्रवर्दन समिति सम्झनु पर्छ ।

फ) “सामुदायिक संस्था” भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागितामूलक उपभोक्ता समूह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

ब) “स्थानान्तरण केन्द्र” भन्नाले सङ्कलित फोहोरमैला विसर्जन गर्न फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) मा लैजानु अघि फोहोरमैला संकलनको लागि स्थानीय तहले तोकेको स्थान सम्झनु पर्छ ।

भ) “नगरपालिका” भन्नाले मध्यबिन्दु नगरपालिका सम्झनु पर्छ ।

म) “स्वास्थ्य संस्थाजन्य फोहोरमैला” भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु—स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहोरमैला सम्झनु पर्छ ।

मध्यबिन्दु नगरपालिका

य) "हानिकारक फोहोरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

र) "वर्गीकरण" भन्नाले फोहोरमैलाका रुपमा निष्कासन हुने सवै प्रकारका वस्तुको अवस्था, गुण तथा उपयोगिताको आधारमा तोकिए वमोजिम अलग अलग राख्ने वा छुट्याउने काम सम्झनु पर्छ ।

ल) "पुनर्प्रयोग योग्य वस्तु" भन्नाले प्रयोग पछी वा प्रयोग नगरी उपयोग विहिन भई सस्तो मूल्यमा वेच्न वा फाल्न लागिएका तर रुपान्तरण गरी वा नगरी पुन प्रयोग आउन सक्ने वस्तु भनि सम्झनु पर्छ। यो शव्दले कवाडि भनिने वस्तुलाइ समेत जनाउने छ ।

मध्यविन्दु नगरपालिका

## परिच्छेद—२

## फोहोरमैला उत्पादन, संकलन, न्यूनीकरण तथा निष्काशन सम्बन्धी व्यवस्था

**३. फोहोरमैलाको प्रबन्ध गर्ने जिम्मेवारी नगरपालिकाको हुनेः**

१) फोहोरमैलाको व्यवस्थापन गर्ने तथा स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लान्ट, बायो ग्याँस प्लाण्ट लगायत फोहोरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा आवश्यक पर्ने मेशिन औजारको खरिद र परिचालन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

२) सङ्कलन केन्द्र, स्थानन्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहोरमैलाको प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

३) यस दफाको प्रयोजनको लागि फोहोरमैला सङ्कलन केन्द्र, स्थानन्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहोरमैला मानिनेछ।

४) वडाभित्र फोहोर व्यवस्थापनका लागि सबै वासिन्दालाई सहभागी गराउने र फोहोर व्यवस्थापनको अनुगमन र सहजीकरण गर्ने जिम्मेवारी सम्बन्धित वडा समितिको हुनेछ।*

५) आफ्नो टोल सफा राख्ने गरी कार्यक्रम र अभियान सञ्चालन गर्ने, फोहोर व्यवस्थापनमा सबै घरधुरीलाई सहभागी गराउने र टोलको हरियाली एवम् सुन्दरता प्रवर्धन गर्ने दायित्व सम्बन्धित टोल विकास संस्थाको हुनेछ।*

**४) फोहोरमैला व्यवस्थापन गर्ने दायित्वः**

१) यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहोरमैला (स्वास्थ्य संस्थाजन्य फोहोरमैला रासायनिक फोहोरमैला वा औद्योगिक फोहोरमैला) प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको अवशेष तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाको निर्माण गरेको फोहोरमैला व्यस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

**५. फोहोरमैला उत्पादन कम गर्नेः**

१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैलामात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तब्य हुनेछ । तर फोहोरमैलाको परिमाण घटाउनको लागि कुनै पनि वस्तु जलाउन पाइने छैन ।

*स्पष्टीकरणः "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।*

**६. फोहोरमैलाको पृथकीकरणः**

१) नगरपालिकले फोहोरमैलालाई कम्तीमा जैविक, पुनः प्रयोग हुने हानिकारक र पुनः प्रयोग नहुने लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नेछ।

२) उपदफा (१) बमोजिम नगरपालिकाले तोकिदिए बमोजिम फोहोरमैलालाई छुट्याई तोकिएको मूल्यमा नघटाई विक्रि गर्ने, सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकाले आवश्यक प्रविधि, प्रक्रिया, मालसामान, उपकरण, कण्टेनर आदिको व्यवस्था गर्न सक्नेछ ।

**७. फोहोरमैलाको निष्काशनः**

१) फोहोरमैला निष्काशनको समय, स्थान र तरिका समितिले निर्धारण गरे बमोजिम हुनेछ।

मध्यबिन्दु नगरपालिका

२) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

३) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन।

**८. फोहोरमैला सङ्कलन केन्द्र तोक्नेः**

१) नगरपालिकाले फोहोरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र र स्थान तोकी सो स्थानमा संकलन गर्ने सवारी साधन ल्याउने व्यवस्था गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त केन्द्र र स्थान तोक्नु पर्नेछ ।

३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहोरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**९. फोहोरमैलाको ढुवानी**

१) सङ्कलन गरिएको फोहोरमैलालाइ व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा त्यस्तो निकायले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ।

२) फोहोरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ। ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा तोकिए बमोजिमको ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

३) फोहोरमैला ढुवानी गर्दा नगरपालिकाले दफा ६ बमोजिम स्रोतमा छुट्याई निष्काशन तथा सङ्कलन गरिएको फोहोरमैलाको अलग अलग ढुवानी गर्नु पर्नेछ ।

**१०. फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगः**

मध्यबिन्दु नगरपालिका

१) नगरपालिकाले फोहोरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

२) उद्योगको उत्पादन प्याकिङ् गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहोरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग नगरपालिकाले समन्वय गर्न सक्नेछ ।

मध्यबिन्दु नगरपालिका

## परिच्छेद-३

## स्थानान्तरण केन्द्र तथा फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्था

**११. स्थानान्तरण केन्द्र तोक्नेः**

१) नगरपालिकाले आवश्यक परेमा प्रारम्भिक चरणमा सङ्कलन भएको फोहोरमैलालाई व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्न सक्नेछ ।

२) उपदफा (१) बमोजिमको स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने र दुर्गन्ध पनि नआउने गरी तोक्नु पर्नेछ ।

**१२. फोहोरमैला व्यवस्थापन स्थलः**

१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहोरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानुनको अधीनमा रही फोहोरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तोक्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकको जग्गा नभएमा वा जग्गा भए तापनि फोहोरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

३) यस दफा बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्दा दफा १६ को अधीनमा रही निजीक्षेत्रको जग्गामा समेत फोहोरमैला व्यवस्थापन स्थलको विकास तथा सञ्चालन गर्न सकिनेछ।

४) नगरपालिकाले उपदफा (१) वा (२) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल तोक्नको लागि जग्गाको अभाव भएमा उपयुक्त स्थलको छनौट गरी उपलब्ध गराउनको लागि मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।

५) नगरपालिकाले छिमेकी नगरपालिकाहरुसंगको समन्वय र सहकार्यमा अन्य नगरपालिकासमेतको एउटै फोहोरमैला व्यवस्थापन स्थल उपयुक्त हुने भएमा त्यस्ता नगरपालिका तथा गाउँपालिकाहरु बीच समन्वय गरी त्यस्तो स्थललाई सम्बन्धित नगरपालिका वा गाउपालिकाहरुको लिखित सहमति र शर्तमा फोहोरमैला व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

६) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थलको सञ्चाल तथा बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नु पर्नेछा ।

७) उपदफा (६) बमोजिम बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य गर्दा फोहोरमैला व्यवस्थापन स्थलको प्रासम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सिफारिस गरिएका सुझावहरु अनुरुप गर्नु पर्नेछ ।

८) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

९) उपदफा (८) बमोजिमको क्षेत्रमा पशुपक्षी, जीवन्तु तथा मानवको अनधिकृनत प्रवेशलाई रोक लगाउने, ढुङ्गा, गिट्टी र वालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि अन्य आवश्यक निर्देशन तथा निर्देशिका जारी गरी लागु गर्न सक्नेछ ।

## परिच्छेद-४

## फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

**१३. अनुमती सम्बन्धी व्यवस्थाः**

१) यस ऐन बमोजिम नगरपालिकाको अनुमति नलिई कसैले पनि फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्ने छैन ।

२) फोहोरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि सम्बन्धित नगरपालिकामा निवेदन दिनु पर्नेछः

क) फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना,

ख) फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

ग) तोकिए बमोजिमको अन्य विवरण ।

३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर सम्बन्धित नगरपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

४) फोहोरमैलाको व्यवस्थापन, पुनः चक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि सर्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई नगरपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनको काम गराउन सकिनेः**

१) नगरपालिकाले आवश्यकता अनुसार दफा १३ बमोजिम अनुपति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायका कुनै काम गराउन सकिनेछः-

**व्यवस्थापनको काम गराउन सकिनेः**

क. फोहोरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,
ख. फोहोरमैला सङ्कलन,
ग. फोहोरमैला ढुवानी
घ. फोहोरमैलाको प्रयोग पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,
ङ. फोहोरमैला विसर्जन, र
च. बन्द पश्चात् व्यवस्थापन
छ. पुनः प्रयोग योग्य वस्तुको खरीद, प्रशोधन वा निकाशी

**१५. प्रतिस्पर्धा गराई फोहोरमैला व्यवस्थापनको जिम्मा दिन सक्नेः**

१) नगरपालिकाले दफा १५ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैल व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछः
क) नगरापालिकालाई बुझाउन कबुल गरेको रकम,
ख) फोहोरमैलाबाट उर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,
ग) आर्थिक तथा प्राविधिक क्षमता,
घ) फोहोरमैला व्यवस्थापन अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,
ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,
च) फोहोरमैलाको खरीद, विक्री, प्रयोग, गर्ने सम्बन्धमा भए उत्पादकलाई दिने मुल्य र नगरपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

४) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झोताको अधीनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्नेछ ।

५) फोहोरमैला व्यवस्थापन गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

**१६. फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिनेः**

१) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माणा गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्ध प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातारणीय मापदण्डको पालना भए वा नभएको अनुगमन गरपालिकाले गर्नेछ।

३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो सञ्चालन मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति नगरपालिकाले तोकिए बमोजिम रद्ध गर्न सक्नेछ ।

**१७. सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिनेः**

१) नगरपालिकाले प्रतलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासंगको साझेदारीमा फोहोरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासंगको साझेदारीमा फोहोरमैला न्यूनीकरणाको लागि जनचेतना अभिवृद्धि, फोहोरमैला सङ्कलन, ढुवानी, फोहोरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य गर्न वा गराउन सकिनेछ ।

मध्यबिन्दु नगरपालिका

## परिच्छेद-५

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्था

**१८. सेवा शुल्क उठाउन सक्नेः**

१) नगरपालिकाले फोरहमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहोरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा नगरपालिकाले गर्नेछ ।

३) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित स्थानीय तह आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १५ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सहमतिको आधारमा फोहोरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिइनेछ ।

५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापन मा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी नगरपालिकाले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको माप्दण्डको अधीनमा रही फोहोरमैलाको व्यवस्थापन वातावरणीय संरक्षण तथा फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

**१९. सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः**

१) नगरपालिकाले दफा १८ बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहोरमैला व्यवस्थापन गर्न दफा १५ बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले दफा १८ उपदफा (४) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य

मध्यबिन्दु नगरपालिका

गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी नगरपालिकालाई दिनु पर्नेछ ।

३) उपदफा (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैंले गर्नु पर्नेछ ।

४) सेवाग्राहीले दफा १८ बमोजिम बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

मध्यबिन्दु नगरपालिका

## परिच्छेद-६

## प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धी व्यवस्था

**२०. प्रदुषण नियन्त्रणः**

१) आफ्नो क्षेत्रभित्र संकलित फोहोरमैलाबाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकूल वातावरणीय प्रभावलाई यथाशक्य कम गरी प्रदूषणरहित ढङ्गले व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

२) नगरपालिकालाई प्रदूषणरहित ढङ्गले फोहोरमैला व्यवस्थापन गर्ने प्रयोजनका लागि संघिय तथा प्रदेश सरकार, दातृ निकाय वा कुनै पनि संघ संस्थासंग आर्थिक तथा प्राविधिक सहयोग लिन सकिने छ ।

३) नगरपालिकाले संकलित फोहोरमैला निष्काशन तथा व्यवस्थापन गर्दा यस ऐन बमोजिम निर्धारित मापदण्डको पालना गर्नु पर्नेछ ।

**२१. फोहोरमैला व्यवस्थापनको अनुगमनः**

१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम अनुगमन गर्ने वा गराउने प्रयोजनका लागि नगरपालिकाले आवश्यक कार्ययोजना बनाई लागू गर्न सक्नेछ ।

३) उपदफा (१) बमोजिम अनुगमनमा खटिने व्यक्तिले अनुगमन पश्चात् सोको प्रतिवेदन सम्बन्धित नगरपालिका समक्ष दिनु पर्नेछ ।

४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरुको सुधार तथा कार्यान्वयन गर्ने सम्बन्धमा नगरपालिकाले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

५) नगरपालिकाले फोहोरमैला व्यवस्थापनको अनुगमन सम्बन्धी कार्यमा प्राविधिक सहयोगको लागि केन्द्रलाई अनुरोध गरेमा केन्द्रले प्राविधिक सहयोग उपलब्ध गराउनुको साथै समग्र फोहोरमैला व्यवस्थापन स्थितिको अनुगमन केन्द्रले गर्नेछ ।

मध्यबिन्दु नगरपालिका

## २२. फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्था:

१) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले मूलतः देहायका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ:

क. सडक निर्माण, विद्युत आपूर्ति, खानेपानी तथा ढल निकास, सरसफाई र वातावरण संरक्षण,
ख. विद्यालय र स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
ग. फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका आर्थिक रुपले विपन्न तथा सामाजिक रुपले पिछडिएका वर्गको उत्थान तथा विकासको लागि आवश्यक कार्यक्रम ।

३) नगरपालिकाले सम्बन्धित समुदायसंग परामर्श गरी उपदफा (१) बमोजिम योजना तर्जुमा वा उपदफा (२) बमोजिम कार्यक्रमको छनौट गर्नु पर्नेछ ।

४) यस दफा बमोजिम प्रभावित क्षेत्रको लागि तर्जुमा गरिएको कार्यक्रमको कार्यान्वयन गर्दा स्थानीय समुदायको सहभागिता रहने गरी गर्नु पर्नेछ ।

५) फोहोरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा वा सोको लागि कुनै कार्यक्रम कार्यान्वयन गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनले तोकेको मापदण्डको अनुकूल हुने गरी गर्नुपर्नेछ ।

६) फोहोरमैलाको व्यवस्थापन स्थलको कारणले गम्भीर प्रभावित क्षेत्र र प्रभावित क्षेत्रको आर्थिक तथा सामाजिक विकास एवं वातावरण संरक्षणमा सुझाव दिन स्थानीय स्तरमा तोकिए बमोजिमको समिति गठन गर्न सकिनेछ ।

*स्पष्टीकरणःयस दफाको प्रयोजनको लागि "गम्भीर प्रभावित क्षेत्र" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको क्षेत्रलाई सम्झनु पर्छ।*

मझुवागढी नगरपालिका

## परिच्छेद-७

## सरसफाई प्रर्वद्धन समिति सम्बन्धी व्यवस्था र सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाई सम्बन्धी व्यवस्थाः

**२३. सरसफाई प्रवर्द्धन समितिको गठनः**

१) फोहोरमैला व्यवस्थापन सम्बन्धी निति तथा कार्ययोजना बनाई लागु गर्ने, सोको अनुगमन गर्ने र सम्बन्धीत वडाहरु सँग आवश्यक समन्वय गर्न देहाय बमोजिम एक सरसफाई प्रर्वद्धन समिति रहनेछ ।

२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछनः

(क) नगर कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य -अध्यक्ष

(ख) नगर कार्यपालिकाले तोकेको १ महिला सहित ३ जना कार्यपालिका सदस्य -सदस्य

(ग) लाभग्राहीका प्रतिनिधि १ जना महिला -सदस्य

(घ) सामुदायिक वन समुहका प्रतिनिधि १ जना -सदस्य

(ङ) नगरकार्यपालिकामा कार्यरत कार्यपालिकाले तोकेको दुई जना कर्मचारी -सदस्य

(च) सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाई प्रमुख -सदस्य-सचिव

३) उपदफा (२) गठित समिति सदस्यको पदावधि पाँच वर्षको हुनेछ। सदस्यहरुको पुनः मनोनयन हुन सक्नेछ। उक्त समितिले फोहोरमैला सँग सम्बन्धित अन्य काम (जैविक मल उत्पादन कार्यक्रम, गौशाला व्यवस्थापन) समेत गर्न सक्नेछ। समितिमा रहेका पदाधिकारी जुन समिति वा पदबाट प्रतिनिधित्व भएको हो सो समिति वा पदमा नरहेमा उक्त पद स्वतः रिक्त भएको मानिनेछ।

४) सरसफाई प्रबर्द्धन तथा जैविक मल उत्पादन ईकाईले समितिको सचिवालयको रुपमा काम गर्नेछ।

५) सबै वडामा वडा अध्यक्ष वा निजले तोकेको सदस्यको संयोजकत्वमा सबै टोल विकास समितिको अध्यक्षहरु रहने गरी वडास्तरिय सरसफाई प्रवर्द्धन समिति रहनेछ। वडा सचिवले वडा स्तरिय सरसफाई प्रवर्द्धन समितिको सचिवको रुपमा काम गर्नेछ। वडा स्तरिय

सरसफाई प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार नगर स्तरिय सरसफाई प्रवर्द्धन समितिले तोकेबमोजिम हुनेछ।

**२४. सरसफाई प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी स्वीकृतिको लागि नगर परिषदमा पेश गर्ने,

ख) फोहोरमैला व्यवस्थापन कार्यसँग सम्बद्ध निकायहरुबीच समन्वयको लागि नीतिगत व्यवस्था गर्ने,

ग) फोहोरमैला व्यवस्थापनको लागि नगरपालिकावाट उठाउने शुल्कको मापदण्ड र दर निर्धारण गर्ने,

घ) सङ्कलित बिक्रियोग्य कवाडीजन्य वस्तु तथा उत्पादित जैविक मलको विक्रि मुल्य निर्धारण गर्ने,

ङ) फोहोरमैला एकीकृत रुपमा व्यवस्थापन गर्न नगरपालिकाले कुनै लगानी गर्नु पर्ने अवस्थामा त्यस्तो लगानी गर्नु पर्ने रकमको निर्धारण गरी कार्यपालिकामा सिफारिस गर्ने,

च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

**२५. सरसफाई प्रवर्द्धन समितिको बैठक र निर्णयः**

१) समितिको बैठक वर्षमा कम्तीमा ३ पटक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आँफुहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

३) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

४) समितिको बैठकको निर्णय सामान्यतया सहमतिको आधारमा हुनेछ। सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

मध्यबिन्दु नगरपालिका

५) समितिले आवश्यक देखेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सम्बन्धित पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६) समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## २६. सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाईको स्थापनाः

नगर कार्यपालिकाको कार्यालय अन्तर्गत देहायबमोजिमको जनशक्ति रहने गरी एक सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाई स्थापना गर्न सकिनेछ।*

(क) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना अधिकृत कर्मचारी - इकाई प्रमुख

(ख) वातावरण निरीक्षक -एक जना

(ग) फिल्ड निरीक्षक -एक जना

(घ) सामाजिक परिचालक (कम्तीमा दुई वडाको लागि १ जना पर्ने गरी)

(ङ) ल्याण्ड फिल्ड साइट इन्चार्ज/अपरेटर -एक जना

(च) ट्र्याक्टर चालक - ट्र्याक्टरको संख्या बमोजिम

(छ) फोहोर संकलन सहयोगकर्ता सवारी साधनको संख्या बमोजिम

(ज) फोहोर पृथकीकरणकर्ता/कच्चा पदार्थ सङ्कलनकर्ता आवश्यकता अनुसार

## २७. सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाईको काम, कर्तव्य र अधिकारः

सरसफाई प्रवर्धन तथा जैविक मल उत्पादन इकाईको काम, कर्तव्य र अधिकार*

(१) स्रोतमै कुहिने र नकुहिने फोहोर छुट्टाइएको सुनिश्चित गर्ने र छुट्टाछुट्टै सरसफाई प्रबर्द्धन केन्द्र तथा जैविक मल उत्पादन केन्द्रमा सुरक्षित ढुवानी गराउने।

(२) कार्यक्रम लागु भएका वडामा सेवा शुल्क संकलन गरी राजश्व शाखामा पेश गर्ने ।

(३) नकुहिने फोहरलाई पृथकीकरण गराई पुनचक्रिय फोहोरलाई कम्प्याक्टिङ्ग गरी विक्री गर्ने व्यवस्था मिलाउने ।

(४) कुहिने फोहरलाई जैविक मल बनाउनको लागि कच्चापदार्थको रुपमा प्रयोग गराउने ।

(५) अन्य कच्चापदार्थ संकलन गर्नका लागि विभिन्न समूह, टोल, वडा तथा सामुदायिक बनसँग छलफल गरि परिमाण अनुमान गरी संकलनको लागि व्यवस्था मिलाउने ।

(६) नगरपालिकाबाट सञ्चालन गरिएका यन्त्र, उपकरण र सवारी साधनहरूको सञ्चालनको, व्यवस्थापन तथा मर्मत सम्भार गराउने ।

(७) नगरपालिकाद्वारा ज्यालादारीमा खटाईएका कर्मचारीको दैनिकी हाजिरी विवरण राख्ने ।

(८) प्रत्येक त्रैमासिकमा नगरस्तरिय सरसफाई प्रबर्द्धन समितिलाई लागत र लाभ को रिपोर्ट पेश गर्ने ।

(९) नगरपालिका र समितिले तोके बमोजिमका अन्य कार्यहरू ।

**२८. पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी व्यवस्थाः***

१) सरसफाई प्रवर्द्धन समितिलाई प्रचलित कानून बमोजिम वैठक भत्ता उपलब्ध गराउन सकिनेछ।

२) सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाईका कर्मचारीहरुले करार सम्झौतामा उल्लेख भए बमोजिम वा प्रचलित ज्यालादर अनुसार पारिश्रमिक पाउनेछन। कर्मचारीहरुले अतिरिक्त समय कामकाज गर्नुपर्ने भएमा प्रचलित कानून र बजेटको सीमामा रहि समितिको निर्णय बमोजिम थप सुविधा उपलब्ध गराउन सकिनेछ।

मध्यबिन्दु नगरपालिका

## परिच्छेद–८
## कसुर तथा सजाय

**२९. कसूरः**

कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ;

क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने,

ख) स्रोतमै फोहोरमैलाको पृथकीकरण नगरी दफा ६ को विपरीत फोहोरमैला मिसाएर निष्काशन गर्ने,

ग) प्लास्टिक जस्ता अजैविक फोहरलाइ पोल्ने वा बाल्ने

घ) फोहोरमैला सङ्कलन स्थल वा व्यवस्थापन केन्द्रमा राखिएको फोहोरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

ङ) फोहोरमैला सङ्कलन स्थल वा व्यवस्थापन केन्द्रमा राखिएको सामाग्री वा संरचना तोडफोड गर्ने, क्षति पुर्‍याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने,

च) यस ऐन बमोजिम अनुमति नलिई पुनःप्रयोग गर्न मिल्ने वस्तु संकलन, खरीद विक्री, फोहोरमैला व्यवस्थापनको अन्य कार्य गर्ने,

छ) यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने,

ज) फोहोरमैला सङ्कलन स्थल वा व्यवस्थापन केन्द्रमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

झ) घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

ञ) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदुषित गराउने,

ट) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहोरमैला सङ्कलन गर्ने नगरपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउन इन्कार गर्ने,



मध्यबिन्दु नगरपालिका

ठ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

ड) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

ढ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

ण) फोहोरमैला संकलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

त) फोहोरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

थ) फोहोरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

द) दफा ४४ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

ध) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

**३०. सजायः**

१) दफा २८ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

२) दफा २८ को खण्ड (ख) र (ठ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

मध्यबिन्दु नगरपालिका

३) दफा २८ को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी सङ्कलन केन्द्र स्थल वा पुन व्यवस्थित गर्न लाग्ने खर्च असूल उपर गर्ने छ ।

४) दफा २८ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

५) दफा २८ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

६) दफा २८ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

७) दफा २८ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

८) दफा २८ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

९) दफा २८ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनदेखि तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

१०) दफा २८ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई फोहोरमैला व्यवस्थापन ऐन २०६८ को दफा ३९ को उपदफा १० वमोजिम कार्वाहीकोलागि प्रमुख जिल्ला अधिकारीको कार्यालयमा उजुरी दिने छ ।

११) दफा २८ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

मध्यबिन्दु नगरपालिका

**३१. सेवा सुविधा रोक्का गर्न सकिनेः**

१) यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापनको कार्यक्षेत्र भित्रका सेवाग्राहीले नगरपालिकाको कुनै पनि सेवा सुविधा प्राप्त गर्न सरसफाइ व्यवस्थापन कार्डको छायाप्रति अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त व्यक्तिगत घटना दर्ता बाहेकका अन्य सबै सिफारिस सम्बन्धी कार्य रोक्का गर्न सक्नेछ। विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

**३२. पुनरावेदन दिन सक्नेः** दफा २९ बमोजिम गरेको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

मध्यबिन्दु नगरपालिका

## परिच्छेद-९

## विविध

**३३. स्वास्थ्य संस्थाजन्य फोहोरमैलाको व्यवस्थापनः**

१) नगरपालिका क्षेत्र भित्र संचालनमा आएका सरकारी तथा नीजि अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाइ फोहोरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे नगरेको अनुगमन गरि सुरक्षित व्यवस्थापन गरेको पाइएमा आवश्यक कार्वाहीको प्रक्रिया अगाडि वढाउन सक्नेछ।

२) नगरपालिकाले स्वास्थ्य संस्थाहरुले संस्था चलाउँदा सरसफाइकोलागि पालन गर्नु पर्ने विशेष शर्त र मापदण्ड समेत तोकिदिन सक्नेछ ।

**३४. रासायनिक विषादी सम्बन्धी व्यवस्थाः**

१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ।

२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

**३५. फोहोरमैला व्यवस्थापनमा संलग्न सामुदायिक क्षेत्रका निकायको अभिलेख राख्नेः**

१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक क्षेत्रको अद्यावधिक विवरण राख्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्तो क्षेत्रले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा नगरपालिकाले तोकेको अन्य विवरण समेत उल्लेख गरिने छ ।

**३६. अधिकार प्रत्यायोजनः**

नीतिगत विषयमा निर्णय गर्नु पर्ने बाहेक नगरपालिकाले आपूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार समिति वा इकाईलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३७. पुरस्कार दिन सकिनेः**

१) फोहोरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई

प्रोत्साहित गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्थालाई केन्द्रले सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई सम्बन्धित नगरपालिकाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

**३८. नियम तथा विनियम बनाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ ।

**३९. मापदण्ड/ निर्देशिका/कार्यविधि जारी गर्न सक्नेः**

१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही प्राविधिक इकाईसँग परामर्श गरी नगरपालिकाले विभिन्न प्रकृतिका फोहोरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड निर्धारण गर्न सक्नेछ ।

२) नगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४०. प्रचलित कानून बमोजिम हुनेः**

फोहोरमैला व्यवस्थापन सम्बन्धी विषयमा यस ऐनमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्य कुराहरुमा प्रचलित कानून बमोजिम हुनेछ । यस ऐनमा उल्लेख गरिएका कुनै कुरा फोहोरमैला व्यवस्थापन ऐन २०६८ संग बाझिएमा बाझिएका जति सबै विषय खारेज हुनेछन।

**४१. फोहोरमैला व्यवस्थापनमा कसुर ठहरीने कार्य र सो को सजायँको व्यवस्था**

१. स्रोत मै फोहोरमैलाको पृथकीकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गरेमा प्रत्येक पटक ५०० जरीवाना

२. नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गरेमा पहिलो पटक ५,०००, दोश्रो पटक १०,००० र तेस्रो पटक देखि प्रत्येक पटक १५,००० जरीवाना

३. नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने गरेमा ३०,००० देखी ५०,००० सम्म जरीवाना

४. कण्टेनर वा फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको फोहोरमैला अनधिकृत तवरले प्रयोग गरेमा ५०० देखि ५,००० सम्म जरीवाना

५. घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने

मध्यबिन्दु नगरपालिका

वा थुपार्ने गरेमा ५,००० देखी १५,००० सम्म जरीवाना

६. फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराएमा ५,००० देखी १५,००० सम्म जरीवाना

७. फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै पुऱ्याउने कार्य गरेमा १५,००० देखी ५०,००० जरीवाना र कन्टेनर वा संकलन केन्द्र वनाउन लाग्ने रकम जरीवाना

८. यस ऐन बमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गरेमा १५,००० देखी ५०,००० सम्म जरीवाना

९. यस ऐन बमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गरेमा १५,००० देखी ५०,००० सम्म जरीवाना

१०. फोहोरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने जस्ता कार्य गरेमा ५,००० देखी १५,००० सम्म जरीवाना

११. सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहोरमैला सङ्कलन गर्न नगरपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउन इन्कार गरेमा ५०० देखि ५,००० सम्म जरीवाना

१२. रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने गरेमा ५०,००० देखी १,००,००० सम्म जरीवाना

१३. औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने गरेमा ५०,००० देखी १,००,००० सम्म जरीवाना

१४. फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने गरेमा १०,००० देखी ५०,००० सम्म जरीवाना र पन्ध्र दिन देखी ३ महिना कैद वा दुवै सजाय

१५. फोहोरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने गरेमा १०,००० देखी ५०,००० सम्म जरीवाना र पन्ध्र दिन देखी ३ महिना कैद वा दुवै सजाय

मध्यबिन्दु नगरपालिका

१६.फोहोरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने गरेमा कार्वाहीको लागि प्रमुख जिल्ला अधिकारीलाइ उजुरी दिने

१७.दफा ४४ विपरीत रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको (समयावधि सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगरेमा ५०,००० देखी १,००,००० सम्म जरीवाना दोश्रो पटक त्यसको दोव्वर जरीवाना गरी अनुमति रद्द

१८.मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने गरेमा ५,००० देखी १५,००० सम्म जरीवाना

मध्यबिन्दु नगरपालिका